# प्रचलित विविध शिक्षण विधिहरू



# (1) Post Box Method

(क) सर्वप्रथम चारवटा भित्तामा चारवटा ड्रोविङ पेपर खल्ती सहित टाँस गर्ने ।

(ख) चारवटा शीर्षक ती खल्तीमा उल्लेख गर्ने ।

(ग) प्रति सहभागीलाई ४ वटा कार्ड उपलब्ध गराउने ।

(घ) प्रत्येक सहभागीलाई प्रत्येक कार्डमा चारवटै शीर्षकका कुराहरु उल्लेख गर्न लगाउने ।

(ङ) सहभागीलाई चार समूहमा विभाजन गर्ने (सङ्ख्या अनुसार बढी पनि सकिने) ।

(च) प्रत्येक सहभागीलाई आफूले लेखेको कार्ड भित्तामा टाँसिएका पेपरको खल्तीमा शीर्षक बमोजिम राख्ने ।

(छ) प्रत्येक समूहले आ-आफ्नो समूहमा परेको शीर्षक बमोजिमका ड्रोविङ पेपर भित्ताबाट झिकेर सबै कार्डहरू एक ठाउँमा राखी छरिएर रहेका बिचारहरूलाई संश्लेषण गरी बुँदागत रुपमा संगठित गर्ने र प्रस्तुत गर्ने ।

# (2) One Stay And Other Stray (एक रहने, अरु छरिने)

- यो ठुलो कक्षामा सबैका धारणा छोटो समयमा बुझ्नका लागि र अरुलाई जानकारी दिन यो विधि महत्वपूर्ण हून्छ ।
- यसका लागि समूहहरू बनाउनुपर्छ ।
- प्रत्येक समूहका लागि एक एक वा छुट्टाछुट्टै विषयवस्तु छलफलका लागि दिनुपर्छ ।
- छलफलका बुँदाहरू लेख्न कापी र कलम आवश्यक पर्छ ।
- आफ्नो समूहमा प्राप्त बुँदा उपर छलफल भइसकेपछि एक जना त्यहीँ रहने र अन्य समूहबाट आउनेहरूलाई आफ्नो समूहको छलफलको विषयवस्तु बताउन तल्लिन रहने र अन्य साथीहरू अन्य समूहमा कुरा बुझ्न जान्छन् ।
- यस्तो प्रक्रिया पालैपालो हुन्छ ।

# (3) Gallery walk (ग्यालरी वाक)

- विद्यार्थीहरुलाई समूहमा बाँड्नुपर्छ ।
- प्रत्येक समूहहरुलाई एक एक विषयवस्तु दिइन्छ ।
- सामग्रीहरुमा न्युजप्रिन्ट, मास्किङ टेप, साइनपेन र बोर्डमार्कर दिइन्छ ।
- दिइएको विषयमा पर्याप्त छलफल गरी बुँदागत टिपोट गर्दछन् र दिइएको न्युजप्रिन्टमा उतार गरी मास्किङ टेपको सहायताले भित्तामा प्रदर्शन गर्दछन् ।
- सबै समूहको काम सकिएपछि एक अर्का समूहको कार्य क्रमशः अवलोकन गर्दछन् ।

# (4) Graffitti (ग्राफिटी)

- समूहलाई फरक फरक कार्य दिने (न्युजप्रिन्टमा लेख्न लगाउने),
- केही समयपछि एउटा समूहको न्युजप्रिन्ट पालैपालो अर्को समूहलाइ दिने,
- ती समूहलाई नपुग लागेको कुरा थप्ने ।
- यसरी हरेक समूहको न्युजप्रिन्ट हरेक समूहमा पुगेर थप कुरा लेखिसकेपछि सम्बन्धित समूहलाई अन्य समूहको थप कुरासहित प्रस्तुत गर्न लगाउने ।

# (5) Value line

- पक्ष र विपक्षका लागि उपयुक्त हुने खालको कुनै विषयवस्तु दिने,
- विद्यार्थीहरुलाई सहमत हुने जति एक लाईनमा, असहमत हुनेजति अर्को लाईनमा र तटस्थ बस्न चाहनेलाई फरक लाइनमा उभिन लगाउने ।
- हरेक समूहले तर्क राखी अर्को समूहका साथीलाई आफूतिर तान्न मौका दिने
- तर्कद्वारा आफ्नो समूहतर्फ आकर्षित गर्ने विधिका रूपमा लिइन्छ ।

# (6) Double Circle Method

- छेउबाट १,२,३,..........गरी क्रमशः नम्बर प्रदान गर्ने ।
- यसरी नम्बर प्रदान गरी सकेपछि कुनै एक जोर वा बिजोर नम्बर प्राप्त सहभागिहरूलाई घेराको भित्र तिर एक कदम अगाडि सार्न लगाउने ।
- यसरी भित्री र बाहिरी दुईओटा घेरामा सहभागीहरू उभिन्छन् ।
- त्यसपछि पूर्व जानकारी भएका विषयवस्तुमा आमने सामने हुन र छलफल गर्न समय प्रदान गर्नुपर्छ र एकआपसका अनुभव आदानप्रदान गर्न लगाउन सकिन्छ ।
- यसरी नै क्रमशः दायाँ वा बायाँ सर्न लगाई प्रत्येकसँग यसरी नै अनुभव आदानप्रदान गर्न लगाउन सकिन्छ ।
- यसलाई आवश्यकताअनुसार निश्चित समयसम्म जारी राख्न सकिन्छ ।
- धेरै सहभागीहरू भएमा र समय छोटो भएमा यस क्रियाकलापलाई २ देखि ३ स्टेपसम्म मात्र गराउन सकिन्छ ।

# (7) Mix, Freeze, Paire, Share
## (मिसिने, अडिने, जोडी बनाउने र अन्तक्रिया गर्ने)

- सबै विद्यार्थीहरू कुनै ठाउमा उभिने,
- शिक्षकको सङ्केत अनुसार मिसिने, अडिने र नजिकको साथीसँग जोडी बनाउने
- दिइएको विषयवस्तु वा प्रश्नमा एकआपसमा उभिएर अन्तर्क्रिया गर्ने,
- शिक्षकको सङ्केतअनुसार पुनः उक्त क्रियाकलाप दोहोऱ्याउने
- पुनः अर्को विषयवस्तु वा प्रश्नमा अर्को साथीसँग एकआपसमा अन्तर्क्रिया गर्ने

# 8. सहयोगात्मक अनलाइन सिकाइ (Collaborative Online Learning) :

- विद्यार्थीहरू विभिन्न स्थानबाट अनलाइन प्लेटफर्ममा जोडिएर समूहमा मिलेर सिकाइ प्रक्रिया अगाडि बढाउँछन् ।
- यसमा विभिन्न प्रकारका अनलाइन उपकरणहरू, भिडियो कन्फ्रेन्सिङ र साझा परियोजनाहरूको प्रयोग गरिन्छ ।
- सहयोगात्मक सिकाइले विद्यार्थीहरूको सामूहिक सोचाइ, समस्या समाधान, समालोचनात्मक र सिर्जनात्मक सोचाइ तथा संवाद र तर्क गर्ने क्षमतालाई बलियो बनाउँछ ।

# 9. फ्लिप्ड क्लास रूम (Flipped Classroom) :

- यो विद्यार्थीले कक्षापूर्व दिएको शिक्षण सामग्री अध्ययन गरी कक्षा (online समेत) मा शिक्षकसँग अन्तरक्रिया गर्ने अवधारणा हो। यसमा विद्यार्थीहरूले घरमै भिडियो, अडियो वा डिजिटल माध्यमबाट पाठको अध्ययन गर्छन् र कक्षाकोठामा चाहिँ शिक्षकसँग छलफल, प्रश्नोत्तर र प्रयोगात्मक कार्यहरू मात्र गर्छन्।
- यो विधिमा घरमा नयाँ विषयवस्तु सिक्ने र कक्षामा क्रियाकलाप गर्ने कार्य हुन्छ।
- सहजीकरण गर्ने विषयमा आधारित रही शिक्षण गर्नुपूर्व विद्यार्थीलाई अध्ययन सामग्री उपलब्ध गराउने कार्य यो विधिमा गरिन्छ
- फ्लिप्ड क्लास रूममा विद्यार्थीहरूले नयाँ सामग्रीहरू घरमा अनलाइन भिडियो वा श्रोत सामग्रीबाट सिक्छन् र कक्षामा शिक्षकको सहयोगमा तिनको अभ्यास र व्यावहारिक प्रयोग गर्छन्।

# 10. मिश्रित सिकाइ (Blended Learning) :

- मिश्रित सिकाइ भनेको अनलाइन शिक्षण र परम्परागत कक्षाकोठा शिक्षणको मिश्रण हो ।
- विद्यार्थीहरू कक्षामा शिक्षकहरूसँग प्रत्यक्ष सिकाइ र अनलाइन प्लेटफर्ममा स्व-अध्ययनको संयोजनबाट सिक्ने गर्छन् ।
- यसले विद्यार्थीलाई सिकाको लागि लचिलोपन, समय व्यवस्थापन र व्यक्तिगत अनुकूलनको सुविधा दिन्छ।

# 11. व्यक्तिगत शिक्षण (Individualized teaching)

- व्यक्तिगत शिक्षणमा विद्यार्थीको व्यक्तिगत आवश्यकता, रुचि र सिकाइ गतिअनुसार पाठ्यक्रम र विधिहरू समायोजित गरिन्छ।
- यसमा अनलाइन प्लेटफर्म, डेटा विश्लेषण र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी शिक्षकले हरेक विद्यार्थीको आवश्यकताअनुसार अनुकूलित सिकाइ सामग्री तयार गरी सहजीकरण गर्छन्।

# 12. गामिफिकेसन (Gamification) :

- सिकाइलाई खेलको रूपमा प्रस्तुत गर्ने विधिलाई गामिफिकेसन भनिन्छ ।
- सिकाइलाई रमाइलो, चुनौतीपूर्ण र प्रेरणादायक बनाउन गेममा आधारित गतिविधिहरूको प्रयोग बढ्दो छ ।
- यसले विद्यार्थीको सहभागिता, ध्यान र प्रेरणालाई बढावा दिन्छ।

# 13. परियोजनामा आधारित सिकाइ (Project-Based Learning) :

- परियोजनामा आधारित सिकाइमा विद्यार्थीहरू वास्तविक जीवनका समस्या वा परियोजनाहरूमा काम गर्दै सिक्छन् ।
- यसले विद्यार्थीलाई सोच्न, योजना बनाउन र व्यावहारिक अनुभवहरूबाट ज्ञान हासिल गर्न मद्दत गर्छ
- परियोजनामा आधारित सिकाइ STEAM (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) शिक्षामा अझ प्रभावकारी हुने गर्दछ ।

# 14. भर्च्युअल वास्तविकता (Virtual Reality - VR) :

- भर्च्युअल वास्तविकता (VR) सिकाइका अनुभवलाई वास्तविक जीवन जस्तै बनाउने प्रविधिहरू हुन् ।
- विद्यार्थीहरूले भर्चुअल संसारमा प्रवेश गरी विभिन्न शैक्षिक सामग्रीहरू बुझ्न सक्छन् ।
- उदाहरणका लागि विज्ञानका प्रयोगशालाहरू, ऐतिहासिक घटना वा भूगोलको अध्ययन VR मार्फत अत्यन्तै प्रभावकारी बनाइएको छ।

# 15. आर्टिफिसियल इन्टेलिजेन्स (AI)-आधारित ट्युटरिङ :

- AI मा आधारित ट्युटरहरू विद्यार्थीहरूलाई सघाउन र मार्गदर्शन गर्न प्रयोग गरिन्छ ।
- यस्ता प्रणालीहरूले विद्यार्थीको सिकाइको स्तर, समस्या र आवश्यकतालाई बुझेर अनुकूलित पृष्ठपोषण दिन्छन् ।
- यसले शिक्षकको सहयोग बिना नै स्व-अध्ययन र पुनरावृत्ति प्रक्रिया तथा प्रतिबिम्बात्मक सिकाइ (Reflective learning) लाई सहज बनाउँछ ।

# 16. सूक्ष्म सिकाइ (Micro-learning) :

- सूक्ष्म सिकाइमा साना-साना पाठहरू, भिडियोहरू वा शैक्षिक सामग्रीहरू छोटो अवधिमा उपलब्ध गराइन्छ ।
- ३ देखि ५ मिनेटका छोटा र आकर्षक भिडियोहरू देखाउने
- पाठ सुरु हुनुअघि वा अन्त्यमा २-३ वटा बहुवैकल्पिक (MCQ) प्रश्नहरू सोधेर अघिल्लो पाठको समीक्षा गर्ने
- शब्दार्थ, सूत्र (Formulas) वा महत्त्वपूर्ण मितिहरू सम्झनका लागि डिजिटल वा कागजका फ्ल्यासकार्डहरू प्रयोग गर्ने
- कमजोर वा ढिलो सिक्ने विद्यार्थीहरूले पनि आफ्नै गतिमा सजिलै सिक्न सक्छन् ।
- यो विधि विद्यार्थीहरुलाई व्यस्त राख्न र ध्यान दिइराख्न लागि उपयोगी हुन्छ ।

# 17. समावेशी र विविधतापूर्ण सिकाइ (Inclusive and Diverse Learning)

- समावेशी शिक्षण विधिले हरेक विद्यार्थीलाई चाहे उनीहरूको क्षमतामा जस्तो सुकै फरक किन नहोस्, समान पहुँच र अवसर दिनेमा जोड दिन्छ ।
- यसमा भिन्न आवश्यकताहरू भएका विद्यार्थीहरूलाई ध्यानमा राखेर शैक्षिक सामग्री र विधिहरू तयार गरिन्छ ।
- यसको लागि आधुनिक प्रविधिसमेत उपयोग गर्न सकिन्छ ।
- समतायुक्त सिकाइलाई अभिवृद्दि गर्न यो विधि उपयुक्त मानिन्छ ।

# 18. पियर लर्निङ (Peer Learning) :

- पियर लर्निङमा विद्यार्थीहरू एकअर्काबाट सिक्छन् ।
- समान उमेर समूहका वा समान रुचि भएका विद्यार्थीहरू एकअर्काको सहयोगमा समस्याहरू समाधान गर्ने र ज्ञान आदान-प्रदान गर्ने गर्छन् ।
- यसले आत्मविश्वास बढाउँछ र विद्यार्थीहरूलाई अधिक सक्रिय सिकाइ प्रक्रियामा संलग्न गराउँछ ।

# 19. अनुभवीय सिकाइ (Experiential Learning) :

- अनुभवीय सिकाइ (Experiential Learning) भनेको "काम गरेर सिक्ने" (Learning by Doing) शिक्षण विधि हो। यसमा विद्यार्थीहरूले केवल किताब पढेर वा शिक्षकको व्याख्यान सुनेर मात्र नभई, आफैं प्रत्यक्ष रूपमा कुनै कार्यमा संलग्न भएर, त्यसबाट प्राप्त अनुभवको समीक्षा गर्दै ज्ञान र सिप हासिल गर्छन्।
- किताबमा रासायनिक प्रतिक्रियाको बारेमा पढ्नुको सट्टा प्रयोगशालामा आफैं केमिकलहरू मिसाएर हेर्नु।
- क्षेत्र भ्रमण (Field Trips): इतिहास वा भूगोलको पाठ बुझ्न कुनै सङ्ग्रहालय, बैंक, वा ऐतिहासिक ठाउँको भ्रमण गर्नु र प्रतिवेदन तयार पार्नु।
- यसले सिद्धान्त र व्यवहारिक जीवनबीचको दुरीलाई कम गर्छ।

# (२०) जिग्सअ (Gigsaw)

- सबैभन्दा पहिला प्रशिक्षार्थीहरूको समूह विभाजन गर्ने
- फरक-फरक शीर्षकमा सबै समूहमा छलफल गर्न लगाउने
- आ-आफ्नो समूहमा छलफल भएका विषयवस्तुका बारेमा एक जना सहभागी विज्ञका रुपमा प्रत्येक मातृ समूहमा गई बताउदै जाने
- यो क्रम सबै समूहबाट एक एक जनाका दरले विज्ञका रूपमा गई प्रत्येक मातृ समूहमा जाँदै बताउँदै गर्ने ।

# (२१) प्रश्न बल विधि (Question ball Method)

- सर्वप्रथम कुनै विषयवस्तु माथि गहन छलफल गर्ने
- त्यसपछि सबै सहभागीलाई गोलो घेरा बनाई उभिन लगाउने
- एक जना सहभागीले अर्का सहभागीलाई प्रश्न भन्दै बल दिँदै गर्ने
- यो क्रमलाई निरन्तरता दिने (प्रश्न सोध्ने सहभागी उत्तरमा स्पष्ट हुनुपर्छ)

# (२२) तातो कुर्सी विधि (Hot Chair Method)

- सहभागीलाई विभिन्न ४ समूहमा विभाजन गर्ने
- सम्बन्धित विविध शीर्षमा छलफल गर्न लगाउने
- सहभागी सबैलाई २/२ वटा प्रश्न आ-आफ्नो कापीमा उल्लेख गर्न लगाउने
- प्रत्येक समूहका १/१ जना विज्ञ सहभागीलाई कक्षा अगाडि कुर्सीमा बस्न लगाउने
- कुर्सीमा बसेकासँग सहभागीले प्रश्न गर्दै बहस गर्ने

# (२३) प्रश्नोत्तर विधि (Question-answer Method)

- कुनै शीर्षक तथा विषयवस्तुमा स्पष्ट हुनका लागि यो विधि प्रभावकारी मानिन्छ ।
- प्रश्नोत्तर विधि अन्तर्गत विषयवस्तुको परीधीभित्र रहेर शिक्षकले विद्यार्थीलाई, विद्यार्थीले शिक्षकलाई, एउटा विद्यार्थीले अर्का विद्यार्थीलाई, एउट समूहले अर्को समूहलाई प्रश्न गर्ने र उत्तर दिने प्रक्रिया हो ।
- यस विधिमा थोरै समयमा उत्तर दिन सकिने गरी प्रश्न गर्नुपर्दछ । एक प्रश्न र अर्को प्रश्नबिच तालमेल हुने गरी सोध्नुपर्दछ ।
- शिक्षकले विद्यार्थीलाई प्रश्न सोध्दा समूहमा सोध्ने र व्यक्तिगत उत्तर लिने गरेमा कक्षाका सम्पूर्ण विद्यार्थीको ध्यानकार्षण गर्न सजिलो हुन्छ ।
- APPLE Technique को प्रयोग गरेर मात्र प्रश्नोत्तर विधि कार्यान्वयन गर्नुपर्छ ।
- A= Ask Question, P= Pause for a while, P= Pick one person, L= Listen answer

and E= Evaluation the answer .

# (२४) परियोजना कार्य विधि

- विद्यार्थीलाई व्यक्तिगत तथा समूहगत रुपमा निश्चित समयभित्रमा कुनै काम सम्पन्न गराउने कार्य नै परियोजना कार्य हो ।
- यो कार्य कक्षाभित्र वा कक्षाबाहिर गराउन सकिन्छ ।
- यसमा मुख्य गरेर काम (task), समय (time) र व्यक्तिको सङ्ख्या (Number of person ) लाई ध्यान दिनुपर्दछ ।
- तोकिएको काम, तोकिएको समयभित्र तोकिएको व्यक्तिहरूले सम्पन्न गरिसक्नुपर्दछ ।

# (२५) प्रदर्शन विधि

- शिक्षकले कुनै शैक्षिक सामग्री प्रदर्शन गरेर त्यसको माध्यमबाट विद्यार्थीलाई सिकाउने र विद्यार्थीले आफूले व्यक्तिगत तथा समूहगत रूपमा तयार गरेका कार्यको विवरण देखाउने वा प्रस्तुत गर्ने विधि नै प्रदर्शन विधि हो ।
- जस्तै : शिक्षकले कक्षाकोठाका झ्यालका पर्दाहरू लगाएर अलि अँध्यारो बनाउनुहुन्छ। टेबलमा एउटा 'ग्लोब' राख्नुहुन्छ र एक हातमा 'टर्च लाइट' (सूर्यको रूपमा) बाल्नुहुन्छ। ग्लोबलाई बिस्तारै आफ्नो अक्षमा घुमाउनुहुन्छ।
- व्यावसायिक तथा सिपमूलक विषय पढाउन उपयोगी हुने ।
- विद्यार्थीको अगाडि विषयवस्तुको प्रत्यक्ष प्रयोग गरी देखाइने ।
- प्रयोगात्मक कक्षाका लागि बढी प्रभावकारी हुने ।

# (२६) समस्या समाधान विधि

- विद्यार्थीहरूलाई कुनै वास्तविक वा काल्पनिक समस्या दिइन्छ र उनीहरूले आफ्नो तार्किक क्षमता, खोज, र चिन्तनको प्रयोग गरेर त्यसको समाधान पहिल्याउँछन् ।
- यसमा समस्याको सही पहिचान, समाधानका विभिन्न विकल्पको खोजी, विकल्पहरूको विश्लेषण, उपयुक्त विकल्पको छनोट र कार्यान्वयन आदि चरण हुन सक्छन् ।
- विषयवस्तुको प्रकृति, स्थानीय परिवेश, विद्याार्थीको सिकाई स्तर आदिको आधारमा व्यक्तिगत वा समूहगत रूपमा समस्या समाधन गर्न दिन सकिन्छ ।

**फोहोरमैला व्यवस्थापन (Waste Management) शीर्षकमा समस्या समाधान विधिको प्रयोग यसरी गर्न सकिन्छ :**

- **चरण १: समस्या प्रस्तुतीकरण (शिक्षकद्वारा):** *"हाम्रो विद्यालयको चौर र वरपर हरेक दिन खाजा खाएपछि प्लास्टिकका खोल, कागज र खानेकुराका टुक्राहरू जताततै फालिएका हुन्छन्, जसले गर्दा विद्यालय फोहोर र दुर्गन्धित देखिएको छ। यो समस्यालाई हामी कसरी समाधान गर्न सक्छौँ ?"*
- **चरण २: विश्लेषण (विद्यार्थीद्वारा समूहमा):** विद्यार्थीहरू ४-५ जनाको समूहमा बस्छन् । उनीहरू छलफल गर्छन्: फोहोर किन भइरहेको छ ? (डस्टबिन टाढा भएर हो कि ? विद्यार्थीमा चेतना नभएर हो कि ? फोहोर उठाउने निश्चित समय नभएर हो ?)
- **चरण ३: परिकल्पना वा उपायहरू सोच्ने:**
    - समूह 'क' को विचार: विद्यालयमा जरिवाना (Fine) को व्यवस्था गर्नुपर्छ ।
    - समूह 'ख' को विचार: चौरको ठाउँ-ठाउँमा रङ्गीचङ्गी डस्टबिन राख्नुपर्छ ।
    - समूह 'ग' को विचार: कुहिने र नकुहिने फोहोर छुट्टाउने बाकस राखेर नकुहिनेलाई पुन: प्रयोग (Recycle) गर्नुपर्छ।
- **चरण ४: तथ्य सङ्कलन र अध्ययन:** विद्यार्थीहरूले विद्यालयका कार्यालय सहयोगीसँग कुरा गर्छन्, कुन प्रकारको फोहोर धेरै निस्किन्छ भनी हेर्छन् र इन्टरनेट वा किताबमा फोहोर व्यवस्थापनका राम्रा तरिकाहरू (जस्तै: 3Rs - Reduce, Reuse, Recycle) बारे पढ्छन् ।
- **चरण ५: उत्तम समाधानको छनौट:** सबै समूहले जरिवाना गर्नुभन्दा "फोहोर वर्गीकरण र सचेतना अभियान" सबैभन्दा उत्तम उपाय भएको निष्कर्ष निकाल्छन्। उनीहरूले काम नलाग्ने कार्टुनहरूबाट 'कुहिने' र 'नकुहिने' फोहोर राख्ने छुट्टाछुट्टै डब्बा बनाउने योजना बनाउँछन् ।
- **चरण ६: प्रस्तुतीकरण र कार्यान्वयन:** विद्यार्थीहरूले आफ्नो योजना प्रधानाध्यापक र कक्षामा सुनाउँछन् । शिक्षकको सहयोगमा उनीहरूले विद्यालयमा सो नियम लागू गर्छन् र चौर सफा राख्न सफल हुन्छन् ।

# (२७) अवलोकन विधि

- यो विधि सामाजिक अध्ययनमा सबैभन्दा प्रभावकारी र बढी प्रयोग गर्न सकिने विधि हो ।
- विद्यार्थीलाई दिइएको कार्य, सहभागिता, व्यवहार परिवर्तन आदिको अवलोकन गरी तत्काल सुधारका लागि पृष्ठपोषण समेत दिन सकिन्छ ।
- यो विधि पनि शिक्षकले विद्यार्थीको, एक विद्यार्थीले अर्को विद्यार्थीको, एउटा समूहले अर्को समूहको अवलोकन गर्ने गराउने गर्नुपर्दछ ।

# (२८) छलफल विधि

- यो विधिबाट दुई वा दुईभन्दा बढी व्यक्तिबिच विषयवस्तुमा आधारित भएर छलफल गराई निष्कर्ष निकाल्न लगाउन सकिन्छ ।
- यसमा शिक्षक र विद्यार्थी, विद्यार्थी-विद्यार्थीबिच, विद्यार्थी र स्रोत व्यक्तिबिच, विद्यार्थी र सरोकारवालाबिच छलफल गराउन सकिन्छ ।
- विषयवस्तुको प्रकृति र स्थान, स्रोतसाधन आदिको आधारमा विभिन्न तरिकाले छलफल गराउन सकिन्छ ।

# (२९) खोज विधि

- विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउन यो विधि प्रभावकारी हुन्छ ।
- जस्तै : सामाजिक अध्ययनसँग सम्बन्धित समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको खोजी गरी सबैलाई जानकारी गराउनको लागि यो विधि प्रयोग गर्न सकिन्छ ।

## खोज विधिको उदाहरण : विज्ञान विषय (पाठ: बोटबिरुवा र सूर्यको प्रकाश)

- **शिक्षकको भूमिका:** शिक्षकले कक्षामा दुईवटा साना गमलाका बिरुवाहरू ल्याउनुहुन्छ। एउटा बिरुवालाई झ्यालको छेउमा (जहाँ घाम लाग्छ) र अर्को बिरुवालाई एउटा अँध्यारो कार्टुनभित्र बन्द गरेर राखिदिनुहुन्छ। शिक्षकले विद्यार्थीहरूलाई भन्नुहुन्छ— *"हामी यी दुवै बिरुवालाई दिनहुँ पानी हाल्नेछौँ, तर एक हप्तापछि यिनीहरूमा के फरक देखिन्छ, तपाईंहरूले हेर्नुपर्नेछ।"*
- **विद्यार्थीहरूको खोज:** विद्यार्थीहरूले हरेक दिन दुवै बिरुवाको निरीक्षण गर्छन् र आफ्नो कापीमा नोट गर्छन्।
- **पत्ता लागेको निष्कर्ष (Discovery):** एक हप्तापछि उनीहरूले देख्छन् कि अँध्यारोमा राखेको बिरुवा पहेंलो र ओइलाएको छ, जबकि घाममा राखेको बिरुवा हरियो र सप्रिएको छ। विद्यार्थीहरू आफैं निष्कर्षमा पुग्छन्: **"बिरुवालाई बाँच्न र बढ्नका लागि सूर्यको प्रकाश अनिवार्य चाहिन्छ।"** (शिक्षकले सिधै "प्रकाश चाहिन्छ" भन्नुभन्दा विद्यार्थीले आफैं खोजेर सिके)।

# (३०) **मष्तिष्क मन्थन (Brain storming)**

- A method for generating many ideas about a topic.
- विद्यार्थीलाई थुप्रै र विभिन्न खालका कुरा सोच्न सिकाउने विधि ।
- यसमा विद्यार्थीहरूले एउटा निश्चित धारणा बनाउनु पूर्व शिक्षकलाई आफ्नो राय व्यक्त गर्न दिईदैन ।
- *उदाहरणका लागि:* "हाम्रो सहरमा ट्राफिक जाम कम गर्न के-के गर्न सकिएला ?" वा "पानीको बचत कसरी गर्न सकिन्छ ?" भनि प्रश्न गर्ने र विद्यार्थीलाई तुरुन्तै उत्तर दिन लगाउने।
- कुनै विषयमा छोटो समयभित्र विद्यार्थीहरूका असीमित र स्वतन्त्र विचारहरू सङ्कलन गर्ने विधि।
- महत्वपूर्ण र नयाँ बिचार निकाल्न उपयोगी यो विधि एक्लै, समूहमा, सानो समूहमा सञ्चालन गर्न सकिन्छ ।
- यसलाई १० मिनेट भित्रै सिध्याउँदा बढी प्रभावकारी मानिन्छ ।
- यसमा पनि विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर र सिकाइ स्तर, स्थानीय परिवेश आदिलाई ध्यानमा राख्नुपर्दछ ।

# (३१) सङ्गठित सिंहावलोकन (structure overview)

- विद्यार्थीमा उत्सुकता जगाउन उनीहरूलाई मुख्य अवधारणाका बारेमा बताउन र पाठबाट सिक्न तयार बनाउन पाठको सुरुवातमा दिइने छोटो व्याख्यान हो ।
- "कुनै पनि पाठ वा विषयवस्तुको मुख्य खाका (Outline) लाई चित्र, चार्ट वा नक्सामार्फत बुझाउने विधि" हो।
- **पहिलो चरण** : पाठका बारेमा चाखलाग्दा वा विद्यार्थीले जाने बुझेका विषयवस्तु पत्ता लगाउने । पाठबाट सिक्नका लागि विद्यार्थीहरूले बुझ्नुपर्ने अवधारणा र शब्दका बारेमा सोच्ने र यिनीहरूको विवरण तयार पार्ने ।
- **दोस्रो चरण** : विद्यार्थीको ध्यान आकर्षित गर्ने खालका नक्सा, डायग्राम तयार गर्ने र त्यससंग सम्बन्धित कुनै वस्तु कक्षाकोठामा लैजाने ।
- **तेस्रो चरण** : पाँच मिनेट भित्रमा प्रस्तुत गर्न सकिने गरी मुख्य बुँदा समावेश भएको छोटो प्रस्तुती तयारी गर्ने ।
- **चौथो चरण** : प्रस्तुती गर्दा विद्यार्थीलाई व्यस्त, अन्तरक्रियात्मक बनाउनुका साथै उनीहरूलाई प्रश्न सोध्ने र टिप्पणी गर्न हौसला दिने गर्नुपर्दछ ।
- **पाँचौं चरण** : थप कुरा पछि गरौँला भनेर प्रस्तुती अन्त गर्ने जसले उनीहरूमा कौतुहलता जाग्छ ।

[ बोटबिरुवाका भागहरू ]

--------------------------------------------------------

[ जमिनमुनिको भाग ]

(जरा )

[ जमिनमाथिको भाग ]

----------------------------

(काण्ड) (पात) (फूल) (फल)

(पात) ↓ [खाना बनाउने]


(फूल) ↓ [वंश धान्ने]

## *(३२) सोच-जोडीमा छलफल-आदान प्रदान (Think- pair- share)*

- यो विशेषगरी लगाव जगाउने अथवा पाठप्रति विद्यार्थीको उत्सुकता जगाउन प्रयोग गरिन्छ जसमा विद्यार्थीहरूलाई सिर्जनशील भएर छलफलको विषयबारे चिन्तन गर्न र आफ्ना बिचारहरू अरूहरूसँग आदानप्रदान गर्न प्रोत्साहित गरिन्छ।
- **पहिलो चरण :** शिक्षकले दिएको प्रश्नहरूका बारेमा तोकिएको समयसिमामा व्यक्तिगत सोच बिचार गर्ने ।
- **दोस्रो चरण :** आफ्नो जोडीसँग छलफल गरी साझा बिचार बताउने ।
- **तेस्रो चरण :** अन्त्यमा २ वा ३ जोडीले आफ्ना बिचार सबै सामु प्रस्तुत गर्ने । जोडीबाट प्रस्तुत बिचार White board मा टिप्दै जानुपर्दछ ।

# *(३३) शब्दार्थ चित्र (Semantic map)*

- यो कुनै एउटा मुख्य शब्दलाई केन्द्रमा राखेर, त्यससँग सम्बन्धित अन्य शब्दहरू, अर्थहरू वा विचारहरूलाई चित्र वा चार्टमार्फत जोडेर देखाउने विधि हो ।
- यसमा शुरुमा शिक्षकले विद्यार्थीलाई कुनै एक मुख्य वस्तुसँग जोडेर प्रश्न गर्ने र त्यसलाई गोलो घेरा बनाई त्यसमा लेख्ने ।
- फेरि त्यो शब्द चित्रसँग सम्बन्धित प्रश्न वा सन्दर्भ जोड्दै अर्को शब्द चित्र बनाउने र क्रमशः शब्द चित्र थप्दै जानुपर्दछ ।


Elements of Weather
Atmospheric Pressure
High and Low Pressure
Synoptic Maps
Weight of Air on the Earth
Clouds
Stratus
Cumulus
Cirrus
Wind
Jet Stream
Affected by the Sun
Breeze
Gale Winds
Humidity
Water Vapor in the Air
Relative Humidity
Precipitation
Sleet
Fog
Snow
Rain
Hail
Temperature
Heat Index
Wind Chill

## (३४) जोडीमा पढाइ र जोडीमा सारांश (paired reading-paired summarizing)

- यो जोडीमा पाठ्यांश पढ्ने विधि हो ।
- दुई जनादेखि दुई सय विद्यार्थी माझ सजिलै सञ्चालन गर्न सकिने यस विधिमा सामान्य किसिमले पठनभन्दा ३/४ गुणा समय लाग्छ ।
- समय बचाउनका लागि सुरुमा चारदेखि ६ अनुच्छेद जोडीमा पठाई/सारांश अभ्यास गर्न लगाएर चिन्तनलाई उत्साहित गर्ने हेतुले यो क्रियाकलाप गराइन्छ ।
- जसले पाठ्यांश बुझ्नका लागि प्रोत्साहन दिन्छ ।
- पाठ्यांश छोटाछोटा अनुच्छेद भएको हुनुपर्दछ ।
- विद्यार्थीहरूको जोडी बनाउने र पहिले एक जना विद्यार्थीलाई अनुच्छेद पढ्न लगाइ सारांश भन्न लगाउनुपर्छ । अब जोडीको अर्को विद्यार्थीलाई आफ्नो जोडीले भर्खरै पढेको र सारांश निकालेको हरफका बारेमा प्रश्न सोध्न लगाउनुपर्छ ।

# *(३५) संक्षिप्त लेखन (Quick write)*

- सङ्क्षिप्त लेखन भनेको कुनै विषयको सम्बन्धमा आफूलाई लागेका कुरा तुरुन्तै लेख्ने काम हो । छलफलका क्रममा बिचारहरू हतारमा निस्कन्छन् ।
- त्यसरी व्यक्त भएका राम्रा बिचारलाई तत्कालै टिपोट गरिएन भने बिर्सिन्छन् ।
- यो अनौपचारिक हुन्छ । यसको उद्देश्य आफ्ना बिचारलाई लिपिबद्ध गर्नु हो ।
- यस्तो लेखाइमा शैलीको उति चिन्ता गरिँदैन ।
- जतिसुकै विद्यार्थीहरूबिच सञ्चालन गर्न सकिने यस विधिमा ५ देखि १० मिनेटमा क्रियाकलाप गर्न सकिन्छ ।
- नयाँ पाठ सुरु गर्नुअघि विद्यार्थीहरूको पूर्वज्ञान जाँच्न यसको प्रयोग गरिन्छ ।
- **उदाहरण:** *"तपाईंहरूले बाटोमा हिँड्दा कस्तो-कस्तो फोहोर देख्नुभएको छ ? २ मिनेटमा आफ्नो कापीमा फटाफट सूची बनाउनुहोस् ।"*

## *(३६) घुलमिल/स्थिर/जोडी (Mix/freeze/pair)*

- कागन (१९९४) का अनुसार यो विधि विद्यार्थीहरूले नयाँ साथीहरूसँग मिलेर तोकिएको काम सम्पन्न गर्ने रमाइलो तरिका हो ।
- एक ठाउँबाट अर्को ठाउँमा जाँदा विद्यार्थीहरूले पुनर्ताजगी प्राप्त गर्छन् र उनीहरू ज्यादा फुर्तिला हुन्छन् ।
- संयोगका आधारमा छानिएका साथीसँग मिलेर समस्या समाधान गर्नाले सामाजिक सिप खासगरी समस्या समाधान गर्न मिलेर काम गर्ने क्षमता बढ्छ ।
- ६ देखि ६० जनासम्म विद्यार्थी समूहमा गर्न सकिने यस विधिमा २ देखि ५ मिनेटमा क्रियाकलाप गरि सक्नुपर्दछ ।

# (३७) अब मेरो पालो (Pens in the middle )

- विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी समूहका सदस्यलाई आफ्नो बेन्चअगाडि आफ्नो कलम वा डटपेन वा सिसाकलम राख्न लगाउने
- शिक्षकले म एउटा प्रश्न भन्छु, तपाईंहरूले पालैपालो त्यसको उत्तर दिनुपर्ने छ । उत्तर मिलाएमा आफ्नो कलम फिर्ता लान सक्नुहुने छ भनी निर्देशन दिने ।
- जस्तै : सममाजको कुनै एक विशेषता बताउनुहोस् ? अब विद्यार्थीले पालैपालो समाजको एक एकओटा विशेषता बताउनुपर्ने छ । सही उत्तर नभनेमा कलम फिर्ता लान नपाइने नियम रहेको समेत बताउने ।
- अन्तिमसम्म पनि कलम फिर्ता लान नसक्नेलाई साथीहरूले सहयोग गरी फिर्ता लाने वातावरण तयार पार्नुपर्ने छ भनी सम्झाउने ।

# (३८) रिले राइटिङ

- विद्यार्थीलाई कक्षाबाहिर कुनै खुला स्थान/चउरमा लैजाने । सबै जना चउरमा जम्मा भएपछि प्रत्येकमा बराबर सङ्ख्या हुने गरी पाँच जनाको समूह बनाउने ।
- चउरको एक छेउमा प्रत्येक समूहलाई क्रमैसँग लाइनमा उभिन लगाई अर्को छेउमा प्रत्येक समूहको सिधा पर्ने गरी एक एकओटा कापी राखेर सबैमा तल दिइएको प्रश्न लेखिदिने ।
- प्रत्येक समूहमा पहिले को दौडिन्छ, भनी सोधेर पहिले दौडिने विद्यार्थीलाई एक एकओटा कलम दिने । सिटी बजेपछि कलम लिएको विद्यार्थीले दौडिएर आफ्नो समूहको कापीमा एउटा बुँदा लेख्नु पर्ने र फर्केर आफ्नो समूहमा आई अर्को साथीलाई लेख्न पठाउनुपर्ने नियम विद्यार्थीलाई बताइदिने । यस क्रममा सबै जनाले लेखेर सक्ने पहिलो समूहलाई विजयी घोषणा गरी पुरस्कृत गर्ने ।
- **रिले राइटिङका लागि प्रश्नः जातिगत परम्परा र संस्कारको संरक्षणको कुनै एक उपाय लेख्नुहोस् ।**
- खेल सकिएपछि सबै समूहले लेखेका बुँदा एक एक जनालाई पढ्न लगाई आवश्यक पृष्ठपोषण प्रदान गर्नुहोस् ।

# (३९) आगमन विधि (Inductive Method)

- कुनै अभ्यास, प्रयोग, परीक्षण तथा अनुभवका माध्यमबाट निश्चित नियम वा सिद्धान्तको प्रतिपादन गरिन्छ भने त्यसलाई आगमन विधि भनिन्छ ।
- विद्यार्थीलाई एक एक रुखको उदाहरण दिदैं समग्र जंगलको बारेमा ज्ञान दिनु आगमन विधि हो ।
- आगमन विधिमा विभिन्न तथ्य तथा घटनाको निरीक्षण र विश्लेषणद्वारा सामान्य नियम वा सिद्धान्तको प्रतिपादन गरिन्छ ।
- यस विधिमा उपयुक्त र सान्दर्भिक उदाहरणको प्रयोग गरी नियमको स्वतः सिकाइ हुने प्रक्रिया अपनाइन्छ ।
- यस विधिलाई उपयोगी, कार्यमूलक, व्यवहारिक एवम् बालमनोवैज्ञानिक विधि मानिन्छ ।
- आगमन विधि एक यस्तो विधि हो जसद्वारा सामान्य नियम वा सिद्धान्तको खोजी गरिन्छ ।
- यस विधिमा उदाहरण वा प्रश्नोत्तरको प्रयोग गर्दा बालकको मानसिक स्तरलाई ध्यानमा राखी गर्नुपर्छ ।

# (४०) निगमन विधि (Deductive Method)

- पूर्व निर्धारित वा स्थापित सिद्धान्तका आधारमा कुनै समस्याको समाधान गरिन्छ भने त्यसलाई निगमन विधि भनिन्छ ।
- नियमको कण्ठस्थीकरणमा जोड दिने शिक्षक केन्द्रित शिक्षणको परम्परागत विधिलाई निगमन विधि भनिन्छ ।
- यसले विद्यार्थीको सिर्जनशील क्षमता, अनुभव, रुचि तथा मनोवैज्ञानिक पक्षलाई बेवास्ता गर्छ ।
- धेरै विद्यार्थी संख्या, शिक्षकको परम्परागत सोच, पाठ्यपुस्तकमा मात्र भर पर्ने संस्कृति आदि कारणले धेरै जसो कक्षामा अहिले पनि यही परम्परागत विधिको प्रयोग भइरहेको देखिन्छ ।
- यस विधिमा शिक्षकद्वारा प्रदान गरिएको ज्ञान, सिप र अनुभवलाई विद्यार्थीहरूले स्वीकार गर्नुपर्ने हुन्छ ।
- यो विधिले नियम अथवा सिद्धान्तलाई जबरजस्ती घोक्न बाध्य गराउँछ ।
- यस विधिमा बालकलाई आफ्नो निजी प्रयासद्वारा खोजको अवसर प्राप्त हुँदैन ।
- यस विधिद्वारा रटेको ज्ञान बालकको मस्तिष्कमा स्थायी रूपमा रहन सक्दैन् ।
- बालबालिकाको रचनात्मक क्षमताको विकासमा यो विधिले मद्दत पुर्‍याउँदैन् ।

# (४१) अभिनय विधि: (Role play Method)

- यो विधि विशेष गरेर समाजमा रहेका पात्रहरूको बारेमा अनुकरण गर्नका लागि प्रयोग गरिन्छ । यो विधि तल्ला कक्षाहरूमा बढी प्रभावकारी हुने भए तापनि आवश्यकतानुसार जुनसुकै तहमा पनि प्रयोगमा ल्याउन सकिन्छ । यो विधि प्रयोगमा ल्याउने क्रममा निम्नलिखित पक्षमा ध्यान दिनुपर्छः
- अभिनयको शीर्षक र विषयवस्तु छनोट गर्ने
- कुन विद्यार्थीलाई कस्तो भूमिका अभिनय गराउने भन्नेबारे पूर्व योजना बनाउने
- अभिनय गराउँदा विद्यार्थीको मनोविज्ञानमा नकारात्मक असर पर्ने नपर्ने पक्षमा ध्यान दिने । नकारात्मक असर पुर्याउने प्रकारको अभिनय नगराउने
- बालबालिकाहरूलाई विषयवस्तुअनुसार अभिनय गराउने र आफूले अवलोकन गर्ने
- अभिनय पश्चात् वा अभिनयकै क्रममा आवश्यक भए सुझाब दिई सुधार गर्ने आदि ।

# (४२) व्याख्यान विधि (Lecture Method)

- जीवनी, कथा सुनाउनु, विषयवस्तु स्पष्ट पार्नु, पाठमा दिइएको सूचनाको विस्तृत रूपमा मौखिक हिसाबले वर्णन गर्नु ।
- विद्यार्थीको कल्पना गर्ने क्षमता विकास गर्नु ।
- प्राचीन कालदेखि प्रचलनमा आएको विधि ।

# (४३) हाजिरीजवाफ

- विद्यार्थीलाई चार वा पाँच समूहमा बस्न लगाई विषयवस्तुसँग सम्बन्धित प्रश्नहरू तयार गरेर हाजिरीजवाफ प्रतियोगीता सञ्चालन गर्ने ।
- यो क्रियाकलाप गराउँदा शिक्षकले सहजीकरण मात्र गर्ने गरी सञ्चालन र सहभागिताको सम्पूर्ण जिम्मेवारी विद्यार्थी स्वयम्लाई नै दिने ।


Thank you